नेपाल सरकार

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

## परियोजना कार्यान्वयन इकाई, नवलपरासी (ब. सु. पूर्व)

कावासोती, नवलपरासी (ब.सु.पूर्व)

फोन नं. ०७८-५४११२३,९८५७०८७०३१

ईमेल pmamp.piu.nawalparasieast@gmail.com

प.सं. २०७७/७८

च.नं.

## कार्यक्रम संचालनका लागि माग-पत्र पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०५/२८

यस परियोजनाको चालू आर्थिक बर्ष २०७७/७८ को वार्षिक कार्यक्रम अनुसार व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम संचालनमा रहेका उल्लेखित क्षेत्रभित्र संचालन हुने तपसिल बमोजिमका कार्यक्रमहरु संचालनका लागि यस कार्यालयमा सूचिकृत भएका कृषक समूह/सहकारी/जलउपभोक्ता समिति/कृषक उघमीहरुबाट मिति २०७७/०६/२७ गते भित्र आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै, अनुदानको अनुपातको सन्दर्भमा कार्यविधि स्वीकृत हुने अवस्थामा रहेकाले स्वीकृत भएपछि सोही अनुसार हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

तपशिल

| क.सं. | कार्यक्रम विवरण | परिमाण | कूल बजेट लाख | कैफियत |
|---|---|---|---|---|
| १. | तरकारी क्षेत्र विस्तार | १०० हे. | ४० | तरकारी जोन क्षेत्रमा मात्र |
| २. | प्याकेजिङ्, लेबलिंग तथा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण कार्यक्रम | २ | १५ | दुवै जोनमा |
| ३. | सहकारी संजाल मार्फत कृषि उपजको बजारीकरण सहयोग | १ | १२ | दुवै जोनमा |
| ४. | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | १ | २८ | दुवै जोनमा |
| ५. | स्यालो टयुबवेल सिंचाई प्रणाली जडान कार्यक्रम | ३० | १३.५ | दुवै जोनमा |
| ६. | गत वर्ष विस्तार भएका क्षेत्र र नयाँ विस्तार हुने क्षेत्रमा सिचाई पूर्वाधार निर्माण | १५ | २२.५ | दुवै जोनमा |
| ७. | प्रविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान | १ | १० | कृषि विषयमा अध्यापन गराइरहेका प्राविधिक शिक्षालयहरु (माध्यामिक, जेटिए, I.Sc.Ag.) |
| ८. | स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण | २ | १५ | सुन्तलाजात फलफूल जोन क्षेत्रमा मात्र |

जोन कार्यक्रम लागू भएका क्षेत्रहरु:

| | | |
|---|---|---|
| सुन्तलाजात फलफूल जोन स्थापना- २०७५/७६ | बौदिकाली गाँउपालिकाको वडा नं. १ देखि ६<br>बुलिङ्गटार गाँउपालिकाको वडा नं. १ देखि ६<br>हुप्सेकोट गाँउपालिकाको वडा नं. ५ | देवचुली नगरपालिकाको वडा नं. ६<br>गैंडाकोट नगरपालिकाको वडा नं. १८<br>मध्यविन्दु वडा नं. ८ र १५ |
| तरकारी जोन स्थापना- २०७६/७७ | कावासोती नगरपालिकाको वडा नं. ४, ९, १०, १२, १५, १६ र १७ | मध्यविन्दु नगरपालिकाको वडा नं. १, २, ३, ६ र ९<br>हुप्सेकोट गाँउपालिकाको वडा नं. १, २, ३ र ४ |

पेश गर्नु पर्ने आवश्यक कागजातहरु:

१. रु १० को हुलाक टिकट सहितको निवेदन (कार्यालयबाट पनि प्राप्त गर्न सकिने)
२. यस कार्यालयमा सूचिकृत भएको प्रमाण-पत्रको प्रतिलिपि
३. कार्यक्रम माग सम्वन्धी बैठकको निर्णय प्रतिलिपि
४. कार्यक्रमको दोहोरोपना नहुने व्यहोरा सहितको वडा कार्यालयको सिफारीस
५. भौतिक निर्माण गरिने भएमा जमीनको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि थान १(एक) आफ्नो स्वामित्वमा नभै भाडामा लिएको अवस्थामा १० (दश) वर्षको संझौता वा मंजुरीनामा गरेको कागजको प्रतिलिपि
६. भौतिक निर्माणको हकमा लागत अनुमान सहितको प्रस्ताव
७. परियोजना कार्यान्वयन इकाईबाट उपलब्ध गराइएको कार्यक्रम माग सम्वन्धी विवरण

विष्णुप्रसाद शर्मा
वरिष्ठ कृषि अधिकृत
रा.प.द्वि.(प्रा.)

नोटः अन्य थप जानकारीका लागि परियोजना कार्यान्वयन इकाईको कार्यालय, नवलपरासी ब.सु.पू. को सम्पर्क नं. ०७८-५४११२३ वा मोबाइल नं. ९८५७०८७०३१ मा सम्पर्क गर्नु हुन अनुरोध छ।